लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

२०८३।०६।२०
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

(मा. मन्त्रीस्तरको निर्णयबाट स्वीकृत मिति: २०८३।०६।२०)

प्रस्तावना: लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट आर्थिक वर्ष २०८३/०८४ मा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम स्थानीय तहमा उपलब्ध गराइने सशर्त बजेट वा कार्यक्रमबाट लाभान्वित भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाले प्राप्त गर्ने नगद वा वस्तुगत सहायतालाई समेत सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले भन्नाले सञ्चालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपन्छी, सिंचाई कार्य गर्ने गरी कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति सम्झनु पर्छ।

(घ) "आवेदक" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन इच्छुक कृषक वा फर्म वा कम्पनी वा कृषक समूह वा सहकारी संघ/संस्था वा उपभोक्ता समिति) लाई सम्झनु पर्छ।

(ङ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी उत्पादन/प्रशोधन/बजारीकरण गर्ने गरी प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाई सम्झनु पर्छ।

(छ) "कार्ययोजना" भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्था पेश गरेको वा स्वयम् स्थानीय तह आफैले तयार गरेको कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
रापती उपत्यका (देउखुरी), नेपाल

२०८२/०६/२०
मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

(झ) "फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका कृषि व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) "मातहतका कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, जिल्लास्थित कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिकालाई सम्झनु पर्छ।

(ड) "सशर्त कार्यक्रम" भन्नाले मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा प्राप्त कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ।

(ढ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

३. <u>सरोकारवाला निकायहरूको भूमिका:</u> यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछ:-

(क) <u>मन्त्रालयको भूमिका:</u>

- कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन तथा समस्या समाधान गर्ने।
- कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार स्थानीय तहलाई प्राविधिक सहयोग तथा पृष्ठपोषण उपलब्ध गराउन सकिने।

(ख) <u>स्थानीय तहको भूमिका:</u>

- वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहले मापदण्ड/सूचकहरूको आधारमा अनुदानग्राही छनोट गर्ने, आवश्यकता अनुसार सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
- प्राविधिक सहयोग, समन्वय, अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित जिल्लास्तर कार्यालयहरुमा प्रगति प्रतिवेदन गर्ने।

(ग) <u>अनुदानग्राही/लाभग्राहीको भूमिका:</u>

- अनुदानग्राही/लाभग्राहीले यस कार्यविधिको अधीनमा रही कार्यक्रमको कार्यान्वयन गर्ने।
- अनुदानग्राहीले सम्झौता/ कार्ययोजना बमोजिम निर्धारित समय, लागत, गुणस्तर र परिमाणमा कार्य सम्पन्न गरी दिगो रुपमा कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापन गर्ने।

४. <u>भुक्तानी प्रक्रिया तथा लेखापरीक्षण:</u> स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा मौजुदा आर्थिक कार्यविधि सम्बन्धी ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको अधिनमा रही अनुदान सीमालाई आधार मानी भुक्तानी गर्नुपर्नेछ। वार्षिक रुपमा सञ्चालित कार्यक्रमको आन्तरिक र बाह्य लेखीपरीक्षण स्वयम् स्थानीय तहले तोकिएको समयावधीभित्र सम्पन्न गर्नुपर्नेछ।

महाशाखा प्रमुख

प्रदेश सचिव

५. स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन : (१) कृषि तथा पशुपन्छी विकास कार्यक्रम/ क्रियाकलाप देहाय बमोजिम हुनेछन।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
१	किवी प्रवर्द्धन कार्यक्रम	• उत्पादन सामाग्री, बिरुवा ढुवानी, सुक्ष्मतत्व, उपकरण (स्प्रेयर करौंती, सिकेचर, हेल नेट, खाडल खन्ने उपकरण आदि) • पोल, थाक्रा, तार • सिंचाई पूर्वाधार, पोखरी निर्माण, ड्रिप सेट, पाइप, पानी तान्ने पम्प, आदि	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम संचालन गरिने, • न्यूनतम १ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको वा संचालन गर्नुपर्ने ।	• विनियोजित बजेटको परिधिभित्र रही विरुवा (ढुवानी, मोर्टालिटी र प्याकेजिङ्ग सहित) तथा अन्य उत्पादन सामग्री उपकरणमा ५० प्रतिशत अनुदान सहयोग • सिंचाई पूर्वाधारमा ८५ प्रतिशत र अन्य पूर्वाधारमा ५० प्रतिशत अनुदान सहयोग।
२	कृषि सिंचाइका लागि स्यालो ट्यूवेल जडान	• स्यालो ट्यूववेल जडान।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गरिने • फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हेक्टरमा खेती गरेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ८५ प्रतिशत अनुदान सहयोग।
३	कृषि उद्यमशीलता विकास कार्यक्रम	• वाली/वस्तुको उत्पादन देखि बजारीकरणसम्मका क्रियाकलाप।	• कृषक/फर्म/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
४	प्राङ्गारिक मल उद्योग स्तरोन्नती	• प्राङ्गारिक मल उत्पादनमा प्रयोग हुने यन्त्र उपकरण खरिद तथा जडान, • प्राङ्गारिक मल उत्पादनका लागि पूर्वाधार स्तरोन्नती,	• फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• मल उत्पादन, प्याकेजिङ्ग, भण्डारणसँग सम्बन्धित पूँजीगत प्रकृतिका क्रियाकलापहरु		
५	तरकारी प्रवर्द्धन कार्यक्रम/महिला कृषक समूह मार्फत तरकारी प्रवर्द्धन कार्यक्रम	• उत्पादन सामाग्रीः वीउ, प्राङ्गारिक मल, शुक्ष्मतत्व, मल्चिङ प्लाष्टिक, विभिन्न ट्रयापहरु, विषादी आदि • तरकारी नर्सरी निर्माण तथा व्यवस्थापन, • बजारीकरण सामाग्री।	• फर्म/कम्पनी/कृषक समूह/महिला कृषक समूह/कृषि सहकारी संस्था छनौट गरी कार्यक्रम संचालन गर्न सकिने • फर्म/कम्पनीको हकमा कम्तिमा ५ कट्ठामा र सामूहिकको हकमा कम्तिमा १ हे. क्लस्टरमा हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
६	कृषि यान्त्रिकीकरण कार्यक्रम (च्याफ कटर, पावर टिलर, स्प्रे ट्याँकी आदी)	• कृषि यन्त्र उपकरण, च्याफ कटर, पावर टिलर, स्प्रेयर ट्यांकी आदि खरिद, • स्थानीय तहले वितरणको अभिलेख राखी सम्बन्धित जिल्लास्थित कृषि हेर्ने कार्यालयलाई जानकारी गराउने।	• स्थानीय तहले फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी संस्था छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
७	रैथाने आलु संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	• रैथाने तथा स्थानीय जातका आलु बालीको संरक्षण, उत्पादन, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण।	• उत्पादन, प्रदर्शन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही वीउ आलुमा ७५ प्रतिशत अनुदान सहयोग, • यन्त्र उपकरणमा ५० प्रतिशत अनुदान सहयोग,
८	महिला कृषक समुह मार्फत सङ्कलन केन्द्र निर्माण	• कृषि उपज संकलन केन्द्र निर्माण।	• महिला कृषक समूह मार्फत कार्यक्रम सञ्चालन गरिने, • समूहको नाममा जग्गाको स्वामित्व हुनुपर्ने, • आवश्यकता अनुसार स्थानीय तह आफैले कार्यक्रम सञ्चालनको थप मापदण्ड बनाई	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ८५ प्रतिशत अनुदान सहयोग।

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
			कार्यक्रम कार्यान्वयन गर्न सक्ने।	
९	कफी विस्तार तथा ट्रस भवन निर्माण	• कफी क्षेत्रफल विस्तार गर्नका लागि आवश्यक बेर्ना तथा अन्य सामग्रीहरु, जग्गा तयारी, • संकलन/प्रशोधन/बजारीकरणका लागि ट्रस भवन निर्माण।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/कफी व्यवसायी संघ/संस्था मार्फत कार्यक्रम संचालन गरिने। • ट्रस भवन निर्माणका लागि प्रस्तावकको नाममा जग्गाको स्वामित्व हुनुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
१०	उखुजन्य उपजको बजारीकरणमा सहयोग	• उखुको प्रशोधन, प्याकेजिङ, लेबलिङ र बजारीकरण सम्बन्धी संरचना र उपकरणहरु।	• फर्म/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने, • उखुको मूल्य श्रृंखला अभिवृद्धिका क्रियाकलापमा संलग्न भएको हुनुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
११	मौरी प्रवर्द्धन कार्यक्रम	• मह मदानी, सुपर सहितको मौरी घार, घुम्टी, धुवादानी, रानी ढोका, क्वीन केज, आहारा दानी, हाईभ टुल, पन्जा, ब्रस, मह छान्ने भाडा, रानी छेक्ने पाता, आधार चाका बनाउने मेसिन खरिद, • उन्नत/कृत्रिम रानु खरिद प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरू खरिद।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
१२	महिला कृषक समूहका लागि उद्यमशील विकास कार्यक्रम (वस्तुगत सहायता सहित)	• वाली/वस्तुको उत्पादन देखि बजारीकरणसम्मका क्रियाकलाप।	• महिला कृषक समूह छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
१३	कफि प्रवर्द्धन कार्यक्रम	• कफी क्षेत्रफल विस्तार गर्नका लागि आवश्यक बेर्ना तथा अन्य सामग्रीहरु,	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/कफी व्यवसायी संघ/संस्था मार्फत	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• कफी प्रशोधन उपकरण, • ग्रेडिंग, प्याकेजिङ तथा लेबलिङ्ग सामग्री, • कफी सेड व्यवस्थापन, • प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु।	कार्यक्रम संचालन गरिने।	सहयोग।
१४	वीउ भण्डार गृह निर्माण/ सुदृढीकरण	• वीउ भण्डारणका लागि पूर्वाधार निर्माण/सुदृढीकरण/मर्मत/ सम्भार, • वीउ भण्डार सुदृढीकरणका लागि आवश्यक मेशिनरी यन्त्र उपकरण।	• वीउ उत्पादन कार्यमा संलग्न अनुमति पत्र प्राप्त फर्म/कम्पनी कृषक/समूह कृषि/ सहकारी हुनुपर्ने, • स्रोत वा उन्नत वा दुवै प्रकारका वीउ उत्पादन गरी कारोवार गरिरहेको हुनुपर्ने, • नयाँ पूर्वाधार निर्माणको हकमा प्रस्तावकको नाममा जग्गाको स्वामित्व हुनुपर्ने, • आवश्यकता अनुसार स्थानीय तह आफैले कार्यक्रम सञ्चालनको थप मापदण्ड बनाई कार्यक्रम कार्यान्वयन गर्न सक्ने।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
१५	Banana ripening chamber स्थापनामा सहयोग	• राइपेनिङ्ग च्याम्बर निर्माण तथा सञ्चालन।	• फर्म/ कम्पनी/ कृषक समूह/ कृषि सहकारी/ बजार समिति मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने, • केरा उत्पादन, संकलन, भण्डारण वा बजारीकरण कार्यमा संलग्न फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/बजार समिति हुनुपर्ने	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
१६	कृषि तथा पशु विकासमा आधारित साना किसान/	• बालीवस्तु विशेष उत्पादन, प्रशोधन तथा वजारीकरण सम्बन्धी विभिन्न	• स्थानीय तहले परियोजना क्षेत्र छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही; स्थानीय तहले स्वीकृत गरेको

महाशाखा प्रमुख

प्रदेश सचिव

क.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
	युवा उद्यमशीलता विकासका लागि साझेदारी कार्यक्रम	क्रियाकलापहरु।	• सञ्चालन हुने क्षेत्र छनौट पश्चात कृषि समुह/कृषि सहकारी /फर्म/कम्पनीले स्थानीय तहमा प्रस्ताव पेश गर्नुपर्ने, • स्थानीय तहले स्वीकृत गरेको कार्ययोजनामा संलग्न हुने साझेदारहरुको भूमिका र साझेदारी स्पष्ट खुलाउनुपर्ने • कार्यक्रम सञ्चालनको क्रममा अनुगमन तथा पृष्ठपोषणका लागि मन्त्रालय मातहतका कार्यालयबाट अनुगमन गर्न सकिने, • स्थानीय तहबाट उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन भइरहेको हकमा कार्यक्रमलाई निरन्तरता दिन सकिने, • आवश्यकता अनुसार स्थानीय तह आफैले कार्यक्रम सञ्चालनको थप मापदण्ड बनाई कार्यक्रम कार्यान्वयन गर्न सक्ने।	कार्ययोजना बमोजिमको कार्यक्रमको बजेटलाई शतप्रतिशत मानी प्रदेश सरकारबाट प्राप्त बजेटलाई ५० प्रतिशत, स्वयम् स्थानीय तहको साझेदारी २५ प्रतिशत र छनोट भएको पश्चात कृषि समुह/कृषि सहकारी /फर्म/कम्पनीको साझेदारी २५ प्रतिशत मानी कार्यक्रम साझेदारीमा सञ्चालन गर्नुपर्ने।
१७	महिला कृषकहरुका लागि बेमौसमी तरकारी उत्पादन सम्बन्धी तालिम (बस्तुगत सहायता सहित)	• बेमौसमी तरकारी बालीको उत्पादन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित प्रयोगात्मक सीप विकास तालिम सञ्चालन गर्ने • उत्पादन सामग्रीमा वस्तुगत सहयोग।	• कार्यक्रम सञ्चालन गर्ने स्थान र संस्था कार्यालयले छनौट गर्नुपर्ने, • महिला कृषकहरु सहभागी हुने।	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
१८	विद्युतीय कृषि मोटर वितरण	• सिंचाइ प्रयोजनका लागि विद्युतीय मोटर उपलब्ध गराउने।	• फर्म/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गरिने, • खरिद गरिने मोटरको स्पेशिफिकेशन	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
			सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने,	
१९	वगर खेती प्रवर्द्धन कार्यक्रम	• कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारीले छनोट भएको बालीको उत्पादन तथा बजारीकरणसँग सम्बन्धित क्रियाकलापहरू • बीउविजन, वाली संरक्षण, सुक्ष्मतत्व, स्प्रेयर लगायतका उत्पादन सामग्री	• कृषक/फर्म/कम्पनीको न्यूनतम ३ कट्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने, • कृषक समूह/कृषि सहकारीको हकमा न्यूनतम १५ कट्ठा क्षेत्रफलमा खेती गर्नुपर्ने।	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग। • प्रति कट्ठा अधिकतम रु. १५०० सम्म अनुदान सहयोग ।
२०	अदुवा बजारीकरणमा सहयोग	• अदुवा प्रशोधन/ भण्डारण/बजारीकरणसँग सम्बन्धित क्रियाकलापहरु, • प्राङ्गारिक प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरु।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने।	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग।
२१	अदुवा/बेसार प्रवर्द्धन कार्यक्रम	• बीउ, प्राङ्गारिक मल, बाली संरक्षण, सुक्ष्म तत्व आदि, • उत्पादन/प्रशोधनसँग सम्बन्धित यन्त्र उपकरण, • प्राङ्गारिक प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरु। • बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ्ग सामग्री, उपकरण, लेवलिङ्ग लगायत सहयोग)	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग।
२२	प्राङ्गारिक मल उत्पादनमा सहयोग	• प्राङ्गारिक मल उत्पादनमा प्रयोग हुने यन्त्र उपकरण खरिद तथा जडान,	• फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने,	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग।

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• प्राङ्गारिक मल उत्पादनका लागि पूर्वाधार स्तरोन्नती, • मल उत्पादन, प्याकेजिङ्ग, भण्डारणसँग सम्बन्धित पूँजीगत प्रकृतिका क्रियाकलापहरु।		
२३	गुरुकुल आश्रम लक्षित कृषि प्रवर्द्धन कार्यक्रम	• फलफूल विरुवा खरिद, ढुवानी, रेखाङ्कन, खाडल तयारी, विरुवा रोपण, मलखाद व्यवस्थापन लगायतका कार्यहरु, • मौसमी तथा बेमौसमी तरकारी खेतीका लागि वीउ/बेर्ना खरिद ,मलखाद व्यवस्थापन, सिंचाई व्यवस्थापन तथा उपकरण खरिद, संरक्षित संरचना निर्माण, कृषि यन्त्र उपकरण खरिद, • च्याउ उत्पादनसंग सम्बन्धित सामग्री र पूर्वाधार सम्बन्धी क्रियाकलापहरु, • मौरी गोलासहितको घार। • गाईपालन	• गुरुकुल आश्रम सञ्चालन गरिएको स्थल छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
२४	भकारो सुधार कार्यक्रम	• कृषकले भकारो सुधार कार्यक्रम अन्तर्गत २ वटा कम्पोष्ट खाडल सङ्कलनका नाली सहितको मुत्र खाडल वा ड्रमको लागि व्यवस्थापन गर्नुपर्ने । • कृषकले भुई निर्माणका लागि आवश्यक सामग्री व्यवस्थापन गर्ने।	• कम्तीमा २ माउ पशु पालन गरेको हुनु पर्ने, • स्थानीय तहको पशु सेवा प्राविधिकको राय बमोजिम इन्जिनियरिङ्ग लागत इष्टिमेट संलग्न गर्नुपर्ने, • कृषकले मलखाद घाम पानीबाट जोगाउने उचित व्यवस्था मिलाउनुपर्ने ।	• प्रति अनुदानग्राही अधिकतम रु. पन्ध्र हजारमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय बुटवल उपत्यका (देउखुरी), नेपाल

२०२३/०६/२०

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
२५	एक घर एक करेसावारी कार्यक्रम	• मौसमी/बेमौसमी तरकारी/फलफूल उत्पादन सम्बन्धी क्रियाकलापहरू • तरकारीको वीउ विजन, फलफूल विरुवा ,वाली संरक्षण, सुक्ष्मतत्व, मल्चिङ्ग प्लाष्टिक ,प्लाष्टिक टनेल लगायतका उत्पादन सामग्री, • हजारी, गार्डेन पाईप, जैविक विषादी/मल बनाउने ड्रम	• कृषक/ कृषक समूह छनौट गरी कार्यक्रम सञ्चालन गर्न सकिने,	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
२६	कृषि सिंचाइका लागि सब्मरसिवल मोटर वितरण	• सिंचाइ प्रयोजनका लागि सब्मरसिवल मोटर उपलब्ध गराउने।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने	• विनियोजित बजेटको परिधि भित्र रही ५० प्रतिशत अनुदान सहयोग।
२७	आलु वीउ स्रोत केन्द्र स्थापनामा सहयोग	• उत्पादन सामग्री वीउ, मल, विषादी (आलुको पि.वि.एस/टि.पि.एस/ बीउ आलु) खरिद, • जग्गा तयारीका लागि जोताइ, • वीउ आलु प्याकेजिङ • वीउ आलु भण्डारण शुल्क • उत्पादन यन्त्र उपकरण	• स्थानीय तहले उपयुक्त क्षेत्र छनौट गरी वीउ उत्पादन गर्नुपर्ने,	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।
२८	साना सिंचाइ कार्यक्रम	• सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सनपाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद, • सिंचाई कुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार,	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,	• विनियोजित बजेटको परिधिभित्र रही कुलो निर्माण, पोखरी निर्माण, सोलार सिँचाइ, स्यालो ट्यूवेल, ड्रिप सिँचाइ, पाइप सिँचाइ पूर्वाधार निर्माणको हकमा अधिकतम ८५ प्रतिशत र मोटर, पम्पसेट तथा डेलीभरी पाइप,

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
महाशाखा प्रमुख
प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• स्यालो ट्यूववेल जडान।		सक्सनपाइप लगायतमा ५० प्रतिशत अनुदान सहयोग,
२९	खाद्यान्नबाली प्रवर्द्धन कार्यक्रम	• खाद्यान्नबाली (धान/मकै/गहुँ/कोदो/फापर आदि) खेती क्षेत्र विस्तारका लागि वीउ, विरुवा, बेर्ना, प्राङ्गारिक मल, विषादी, सुक्ष्म तत्व आदी, • सिंचाइ तथा उत्पादन कार्यसँग सम्बन्धित उपकरण सामग्री, उत्पादन सहयोगी यन्त्र उपकरण • भण्डारण, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित सामग्रीहरु तथा यन्त्र उपकरण खरिद।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने, • स्थानीय तथा रैथाने उत्पादन प्रशोधन र बजारीकरण गर्नेलाई प्राथमिकता दिन सकिने,	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
३०	सिंचाइका लागि वोरिङ्ग, कृषि मोटर, डेलिभरी पाइप वितरण	• सिंचाइका लागि डेलिभरी पाइप खरिद मोटर खरिद तथा जडान, • सिंचाई वोरिङ्ग निर्माण तथा सुधार।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने	• विनियोजित बजेटको परिधिभित्र रही वोरिङ्ग निर्माण/ सुधारको हकमा अधिकतम ८५ प्रतिशत र मोटर तथा डेलिभरी पाइपमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
३१	कृषि यान्त्रिकीकरण कार्यक्रम (च्याफ कटर, पावर टिलर, स्प्रे ट्यांकी आदि)	• सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण (च्याफ कटर, पावर टिलर, स्प्रे ट्यांकी आदि) खरिद, • स्थानीय तहले वितरणको अभिलेख राखी सम्बन्धित जिल्लास्थित कृषि हेर्ने	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने, • सम्बन्धित स्थानीय तहबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय प्रदेश उपत्यका (देउखुरी), नेपाल

मन्त्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		कार्यालयलाई जानकारी गराउने।	समूह/सहकारीले खरिद गर्नुपर्ने।	
३२	गोठ सुधार कार्यक्रम	• गोठको भुई सुधार, दानापानी खुवाउने डुड निर्माण, छानो र मल/मुत्र संकलन खाडल निर्माण।	• फर्म/कृषक समूह/कृषि सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम सञ्चालन गर्नुपर्ने, • फर्मको हकमा न्यूनतम पहाडमा २ वटा र तराइमा ३ वटा गाई/भैंसी पालन गरिरहेको हुनुपर्ने, • कृषक समूह/कृषि सहकारीको हकमा पहाडमा १५ वटा र तराइमा २५ वटा गाई/भैंसी पालन गरिरहेको हुनुपर्ने	• प्रति कृषक फर्म अधिकतम रु. ५० हजारमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग, • प्रति कृषक समूह/कृषि सहकारी अधिकतम रु. चार लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग ।
३३	गौशालमा प्राङ्गारिक मल उत्पादनमा सहयोग	• प्राङ्गारिक मल उत्पादनका लागि आवश्यक सामग्री/ यन्त्रउपकरण खरिद तथा व्यवस्थापन र पूर्वाधार निर्माण/सुधार।	• स्थानीय तहले गौशालासँग प्रस्ताव माग गरी कार्यक्रम संचालन गर्नुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
३४	चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	• गोठ वा टहरा निर्माण, गोठालोको लागि कुरुवा घर निर्माण गर्ने, • प्रजननका लागि याक/नाक खरिद, • पिउने पानी तथा आहारा व्यवस्थापन (चरन/खर्क विस्तार/सुधार), • औषधी उपचार तथा खोप, जैविक सुरक्षा, तालिम, • मेशिनरी औजार तथा अन्य उपकरण खरिद।	• प्राविधिक सम्भाव्यताको आधारमा स्थान र कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनीको छनोट गर्नुपर्ने, • कार्यक्रम सञ्चालन गर्दा कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी मार्फत गर्न सकिनेछ। • फर्मको हकमा कम्तिमा ३ वटा र समूहको हकमा न्यूनतम १० वटा चौरीपालन गरिरहेको हुनुपर्ने।	• विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने । • प्रति अनुदानग्राही फर्मको हकमा अधिकतम १ लाख २५ हजार र समूहको हकमा अधिकतम रु. ५ लाख सम्म खर्च गर्नुपर्ने।
३५	च्याफ कटर वितरण	• व्यवसायिक पशुपालन गरेका	• स्थानीय तहबाट स्वीकृत कार्ययोजना र	• प्रति अनुदानग्राही अधिकतम रु. २५

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		कृषक/फर्म/कृषक समूह/कृषि सहकारीलाई च्याफ कटर वितरण गरिने।	स्पेशिफिकेसन अनुसारको प्रस्तावकले च्याफ कटर खरिद गर्नुपर्ने।	हजारमा नबढ्ने गरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अनुदान सहयोग।
३६	दुग्ध प्रवर्द्धन कार्यक्रम	• दुग्ध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण, • चिलिङ भ्याट, Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, प्रशोधन/ विविधिकरण उपकरण, जेनेरेटर आदि खरिद तथा अन्य उत्पादन सामग्री।	• दुग्ध सहकारी/कृषि समूह/समिति/डेरी उद्योग सहभागी हुन सक्ने, • प्रस्तावकले दैनिक रूपमा कम्तीमा २०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने, • यसभन्दा अघि यस्ता दुग्ध प्रवर्द्धन सम्बन्धित क्रियाकलापमा अनुदान नपाएकालाई कार्यक्रममा प्राथमिकता दिइने। • पुर्बाधार निर्माणको हकमा आवेदक संस्थासंग आफ्नै जग्गा भएको हुनुपर्ने ।	• बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
३७	पशु वधस्थल निर्माण तथा सुदृढीकरण	• पशु वधस्थल निर्माण/सुदृढीकरणका कार्य सञ्चालन गर्नुपर्ने • मासु काट्ने स्थल (slaughter slab), मासु भण्डारण कक्ष (meat storage cold room), सेनिटरी कक्ष, वधस्थलसंग सम्बन्धित पूर्वाधार निर्माण/स्तरोन्नती तथा उपकरण सामग्री खरिद तथा जडान लगायतका क्रियाकलापहरु सञ्चालन गर्न सकिने।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने, • दैनिक कम्तिमा खसि/बोका ३ वा वंगुर २ वा राँगो १ वटा वा हाँस/कुखुराको हकमा कम्तिमा दैनिक ५० वटा वध गरेको हुनुपर्ने। • पुर्बाधार निर्माणको हकमा आवेदक संस्थासंग आफ्नै जग्गा भएको हुनुपर्ने ।	• प्रति अनुदानग्राही अधिकतम रु. दुई लाख पचास हजारमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
३८	बाखा प्रवर्द्धन कार्यक्रम	• खोर निर्माण/सुधार, Dipping Tank खरिद/निर्माण तथा जडान • मेसिनरी औजार,	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने	• फर्म/कम्पनीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. ५० हजारमा नबढ्ने गरी र कृषक

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदण्ड	खर्चको सीमा
		• उन्नत घाँस खेती, • नश्लसुधार, • औषधी/उपचार तथा खोप, • जैविक सुरक्षा।	• प्रति फर्म कम्तीमा ५ माउ बाख्रा पालन गरेको हुनुपर्ने, • कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा ५० माउ बाख्रा पालन गरेको हुनुपर्ने, • पशुहरूको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने, • टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाका सदस्यहरुको आफ्नै नाम जग्गा भएको हुनुपर्ने।	समूह/कृषि सहकारीको हकमा प्रति आयोजना/अनुदानग्राही अधिकतम रु. पाँच लाखमा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
३९	गाई/भैंसी प्रवर्द्धन कार्यक्रम	• गोठ निर्माण/सुधार • मेसिनरी औजार, • उन्नत घाँस खेती, • नश्लसुधार, • औषधी/उपचार तथा खोप, • जैविक सुरक्षा, • मलमुत्र तथा मलखाद व्यवस्थापन।	• फर्म/कम्पनीले पहाडको हकमा २ र तराईमा ३ वटा माउ गाइ/भैंसी सहित ५ वटा पालन गरेको हुनुपर्ने । • कृषक समूह/कृषि सहकारीको हकमा कम्तीमा २५ माउ भैंसी पालन गरेको हुनुपर्ने। • टहरा/खोर निर्माण हुने जग्गाको हकमा फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको आफ्नै वा संस्थाका सदस्यको नाममा भएको जग्गा हुनुपर्ने।	• फर्म/कम्पनीको हकमा प्रति अनुदानग्राही अधिकतम रु. एक लाख पचास हजार नबढ्ने गरी र कृषक समूह/कृषि सहकारीको हकमा प्रति अनुदानग्राही अधिकतम रु. ७ लाखमा नबढ्ने गरी पूर्वाधार, नश्लसुधार, अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग। • उन्नत घाँस खेती प्रवर्द्धनका लागि अनुदान रकमको कम्तिमा १० प्रतिशत रकम खर्च गर्नुपर्ने।

क्र.सं.	कार्यक्रमको नाम	सञ्चालन गर्न सकिने क्रियाकलापहरु	मापदेण्ड	खर्चको सीमा
४०	वादी समुदायको आयआर्जनका लागि बाखापालन/ कुखुरापालन/ वंगुरपालन कार्यक्रम	• खोर निर्माण/सुधार • मेसिनरी औजार, • उन्नत घाँस खेती, • नश्लसुधार, • चल्ला तथा पाठापाठी वितरण • औषधी/उपचार तथा खोप, • जैविक सुरक्षा।	• कार्यालयले लक्षित समुदाय छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, • कुखुरा/बाखा/वंगुर पालन गरेको वा पाल्ने कार्ययोजना पेश गरेको वादी समुदाय हुनुपर्ने।	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने • प्रति परिवार अधिकतम रु. २५ हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गर्ने।
४१	साइलेज उत्पादन प्रवर्द्धनका लागि यान्त्रिकीकरण सहयोग	• साइलेज उत्पादन गर्न आवश्यक पर्ने मेशिनरी औजार, यन्त्र तथा उपकरणहरु खरिद तथा व्यवस्थापन।	• फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने, • कम्तिमा १० हेक्टरमा मकै/घाँस खेती गरेको हुनुपर्ने, • साइलेज बनाउने उपकरण तथा मेशिनरीको स्पेशीफिकेशन स्थानीय तहले स्वीकृत गरे बमोजिम हुनुपर्ने ।	• विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
महाशाखा प्रमुख
प्रदेश सचिव

६. प्रस्ताव माग तथा छनोटः (१) दफा ५ मा व्यवस्था भए बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा स्वीकृत बजेट/ कार्यक्रमको अधिनमा रहि कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने भनि उल्लेख भएका कार्यक्रमहरुको हकमा सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने र लाभग्राही मार्फत सञ्चालन गरिने कार्यक्रमहरूको हकमा प्रस्ताव आह्वानको सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। सूचना प्रवाह गर्दा सम्बन्धित सरोकारवाला र लक्षित समुदायको पहुँचमा हुने गरी गराउनुपर्नेछ। कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरुको स्थानीय तहले तोकेको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ । स्थानीय तहले प्रत्येक कार्यक्रमहरुको मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरू, अनुदान सीमा र विनियोजित बजेटलाई आधार मानी प्रचलित नियमानुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहले आवश्यकता परेमा थप मापदण्ड बनाई कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ। त्यसैगरी स्थानीय तहले कार्यक्रम छनोट र व्यवस्थापनका लागि आवश्यक समितिहरू गठन र आवश्यकता अनुसार मापदण्डहरूको विस्तृतीकरण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारका अन्य निकायका वार्षिक कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ।

७. प्रस्ताव मूल्याङ्कन र सिफारिसः (१) कार्यालयमा प्राप्त प्रस्तावमा संलग्न कागजातहरूको अध्ययन एव मूल्याङ्कन गरी प्रारम्भिक छनोट गरिनेछ।

(२) प्रारम्भिक छनोट भएका प्रस्तावहरूको स्थलगत प्रमाणीकरण गर्नको लागि कार्यालयले आवश्यकता अनुसार कार्यदल बनाई कर्मचारी खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यदलले स्थलगत प्रमाणीकरण सहित संलग्न प्रस्ताव मूल्याङ्कनका आधारमा प्राथमिकता क्रम तयार गरी प्रस्ताव छनोट गर्नुपर्नेछ ।

८. अनुगमन तथा मूल्याङ्कनः (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले अनुगमन गर्नु पर्नेछ।

(२) मन्त्रालय र मातहतका कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी पृष्ठपोषण गर्न सक्नेछ।

(३) सम्बन्धित स्थानीय तहले कार्यक्रमको प्रगति विवरण वार्षिक रूपमा सार्वजनिक गरी मन्त्रालयमा बुझाउन पर्नेछ।

९. जवाफदेहिता तथा जिम्मेवारीः (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवं उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यालयले आवश्यक ठानेमा आचारसंहिता बनाई लागु गराउन सक्नेछ।

१०. सूचना सम्प्रेषणः लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म सबै किसिमका सामाजिक सञ्जालहरुको प्रयोग गरी स्थानीय तहले सूचना प्रवाह गर्नु पर्नेछ।

११. सार्वजनिक सेवा सुविधा वञ्चित गर्न सकिनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा स्थानीयतहले प्रचलित कानूनले तोकेको सार्वजनिक सेवा प्रदान गर्ने निकाय समक्ष सार्वजनिक सेवा सुविधाबाट वञ्चित गर्न लेखी पठाउन सकिनेछ।

महाशाखा प्रमुख

प्रदेश सचिव

१२. बाधा अड्काउ फुकाउः यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१३. खारेजी र बचाउः (१) "स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" खारेज गरिएको छ।

महाशाखा प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
रातो उपत्यका (देउडुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसची-१

सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति.....

आ. व. २०../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .....कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ..... दिन भित्र (मिति.....गते सम्म) यस कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ..... बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर .....मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क्र.स.	कार्यक्रम	सञ्चालन गर्न सकिने क्रियाकलापहरू	न्यूनतम मापदण्ड	कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान	आवेदकको किसिम	अनुदानको सीमा
१						
२						
३						
४						

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन। (अनुसूची बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव कार्यक्रमको प्रकृति अनुसार कृषि तर्फ अनुसूची-३ र पशुपन्छी तर्फ अनुसूची-४ बमोजिम)।
५. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
६. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
७. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा। धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि

प्रदेश सचिव

महाशाखा प्रमुख

अनुसूची-२

निवेदनको ढाँचा

श्रीमान् .....
.....
.....,

मितिः

विषयः ..... कार्यक्रम सञ्चालनको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा।

आ.व. २०..../.....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति .....दिन प्रकाशन भएको सूचना अनुसार ..... कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं।

संलग्न कागजातहरु:

छ	छैन	प्रस्तावकको निवेदन
		दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
		स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
		कृषक तथा कृषक समूहको स्थायी लेखा नम्बर तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)
		कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
		प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समूह वा कम्पनीको हकमा)
		प्रस्ताव पेश गर्नेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
		अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा)
		जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि

महाशाखा प्रमुख

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छाप

प्रदेश सचिव

अनुसूची–३

कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा (कृषि तर्फ)

१. आवेदकको विवरण

कार्यक्रमको नाम: .....नागरिकता नं: .....हालको उमेर.....

जिल्ला: ..... स्थानीय तह: ..... वडा नं.: .....

टोल: ..... गाउँ: ..... सम्पर्क नं.: .....

कृषक/समूह/सहकारी/फर्म/कम्पनीको नाम: .....

सम्पर्क व्यक्ति/सञ्चालकको नाम: ..... सम्पर्क नं.: .....

२. कृषि व्यवसायको परिचय

गर्न खोजेको काम: .....

किन गर्ने: .....

कसरी गर्ने: .....

३. उद्देश्य तथा अनुभव

मुख्य उद्देश्य: ( ) उत्पादन वृद्धि ( ) उत्पादकत्व वृद्धि ( ) व्यवसाय विस्तार ( ) प्रविधि/यन्त्र उपकरण ( ) पूर्वाधार विकास ( ) बजार प्रवर्द्धन ( ) अन्य .....

सम्बन्धित कृषि व्यवसायमा अनुभव: ..... वर्ष । सम्बन्धित विषयमा तालिम लिएको: ( )छ ( ) छैन

४. व्यवसाय सञ्चालन गर्ने स्थलको विवरण

स्थानीय तह: ..... वडा नं.: ..... गाउँ/टोल: .....

हाल लगाइएका प्रमुख बाली/कृषि वस्तु:१. ..... २. ..... ३. .....

सडक पहुँच: ( ) पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( ) छैन

व्यवसाय संचालनकामा देखिएको मूख्य समस्या: .....

५. व्यवसाय सञ्चालनका लागि उपलब्ध पूर्वाधार तथा स्रोतसाधन

सिँचाइ: ( ) छ ( ) छैन सिँचाइको स्रोत: ( ) कुलो ( ) पोखरी ( ) बोरिङ ( ) अन्य .....

सिँचाइ हुने अवधि: .....महिना। भण्डारण सुविधा: ( )छ ( ) छैन भए प्रकार/क्षमता: .....

हाल रहेको यन्त्र/उपकरण	संख्या	हाल रहेको पुर्वाधार	किसिम/ क्षमता
१			
२			

महाशाखा प्रमुख

प्रदेश सचिव

६. सहकार्यमा सञ्चालन गर्न खोजेको प्रस्तावित कार्ययोजना विवरण

क्र.सं.	क्रियाकलापहरू	परिमाण	दर	कुल लागत रु.	माग गरेको अनुदान रकम रु.	प्रस्तावकको साझेदारी रकम रु.	सम्पन्न हुने समयावधि
१							
२							
३							
४							
५							

७. मूख्य उत्पादित बाली/वस्तुको बजार योजना

उत्पादित बाली/वस्तु	अनुमानित उत्पादन परिमाण	बिक्री गर्ने स्थान	अनुमानित बिक्री मूल्य	कैफियत

प्रस्तावित योजना सञ्चालनपछि बिक्रीयोग्य उत्पादनको बजार सुनिश्चितता हुनेः ( ) हुन्छ ( ) हुँदैन

कृषि उपज बिक्री सम्झौताः ( ) भएको ( ) नभएको

८. वातावरण तथा रोजगारी

कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभावः ( ) पर्छ ( ) पर्दैन

प्रभाव पर्ने भए न्यूनीकरणका उपायः .....

रोजगारी सिर्जना संख्याःस्वरोजगारः..... जना स्थायी रोजगारीः ..... जना अस्थायी रोजगारीः .... जना

९. घोषणा तथा हस्ताक्षर

माथि उल्लेखित विवरण सत्य तथा यथार्थ रहेको घोषणा गर्दछु।

आवेदक/सम्पर्क व्यक्तिको नामः .....

पदः ..... दस्तखतः ..... मितिः .....

महाशाखा प्रमुख

संस्थाको छाप

प्रदेश सचिव

अनुसूची–४

कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)

कार्यक्रमको नाम:

जिल्ला: गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोल: गाउँ:

आवेदकको नाम:

सञ्चालक/अध्यक्षको नाम: सम्पर्क नं :

१. व्यावसायको परिचय:

२. उद्देश्यहरू :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरण:

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरू :

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारीकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. .....

ख. .....

ग. .....

६. व्यवसाय विस्तार अन्तर्गत सञ्चालन गरिने क्रियाकलापहरु:

क. .....

ख. .....

ग. .....

७. पशुपन्छी पालन व्यवसायमा अनुभव:

८. तालिम सम्बन्धी विवरण :

९.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

क्र.सं.	सञ्चालन गरिने क्रियाकलापहरू	अनुदान रु.	संस्थागत लगानी रु.	अन्य निकायको अनुदान रु.	जम्मा लगानी रु.
जम्मा					

१०. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता: ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

११. उत्पादित वस्तुको बजार योजना:

१२. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरु:

क. .....

ख. .....

कार्ययोजना पेश गर्ने:

नाम: .....

दस्तखत: .....

पद: .....

मिति: .....

संस्थाको छाप: .....

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

2022/8/20
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

अनुसूची-५

प्रस्ताव मूल्याङ्कनका आधारहरू

क) प्रस्ताव मूल्याङ्कनका आधारहरू (प्रारम्भिक मूल्याङ्कन)

सूचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरूलाई मात्र स्थलगत मुल्याङ्कनको लागि छनोट गर्नुपर्ने।

ख) प्रस्ताव मूल्याङ्कनका आधारहरू (स्थलगत निरीक्षण मूल्याङ्कन)

जिल्ला: आवेदक संस्थाको नाम: सम्पर्क व्यक्ति र नम्बर:

प्रस्तावित कार्यक्रमको नाम: कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

मूल्याङ्कन फाराम (पशुपन्छीतर्फ)

क्र.सं.	विवरण (सूचक)	भार	प्राप्ताङ्क	कैफियत
१	कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता	१५		• बिद्युत, सडक, पानीको सुविधा भएको=१५ • बिद्युत, सडक सुविधा भएको= १२ • सडक सुविधा भएको= १० • केही नभएको=०
२	भौगोलिक/प्राविधिक उपयुक्तता	१०		• प्रस्तावित बाली/वस्तु व्यावसायिकरुपमा गत विगत देखि नै पालन भैरहेको क्षेत्र = १० • पशुपन्छी पालन गर्न नयाँ प्रस्ताव= ८
३	उत्पादित वस्तुको बजार योजना	१५		• आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)= १५ • उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको= १२ • सम्झौता पनि नभएको, अनौपचारिक बजारीकरण भएको= १०
४	रोजगारी श्रृजना	२०		• ५ जना भन्दा वढी थप रोजगारी श्रृजना हुने = २० • ३ देखि ५ जना थप रोजगारी श्रृजना हुने= १५ • १ दखि २ जना थप रोजगारी श्रृजना हुने = १०
५	आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता	१५		• आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १५ • वित्तिय संस्थाबाट ऋण लिने= १० • समुदायमा संकलन गरी जुटाउने= ८ • लगानी क्षमता नभएको = ०
६	सम्बन्धित विषयमा अध्ययन/तालिम वा बैदेशिक रोजगारीका बखत काम गरेको अनुभव	५		• अध्ययन/तालिम/बैदेशिक रोजगारीका वखत सम्बन्धित काम गरेको कागजात रहेको= ५ • विगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको= ३ • नभएको=०
७	समावेशीता (दलित, जनजाती, मुक्त	५		• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा वढी भएमा = ५

महाशाखा प्रमुख
प्रदेश सचिव

क्र.सं.	विवरण (सूचक)	भार	प्राप्ताङ्क	कैफियत
	कमैया, अल्पसंख्यक, कमलहरी, मधेशी, पिछडा वर्ग, विपन्न, मुस्लिम, महिला आदि)			• समावेशीतामा तोकिएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४ • समावेशीतामा तोकीएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३ • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = १ • व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/समुदाय=५
८	अनुदानमा पहुँच	५		• हालसम्म अनुदान प्राप्त नगरेको = ५ • विगतमा अनुदान प्राप्त गरेको = ०
९	वातावरणीय प्रभाव व्यवस्थापन	५		• सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५ • सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३ • सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=०
१० ०	व्यवसाय विस्तार	५		• व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यावसायिक योजनामा समावेश गरेको=५ • व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यावसायिक योजनामा समावेश नगरेको =०
कुल		१००		
नोटः मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।				

मूल्याङ्कन फाराम (कृषि तर्फ)

क्र.सं.	विवरण (सूचक)	भार	प्राप्ताङ्क	कैफियत
१	कार्यक्रम कार्यान्वयन स्थानमा भौतिक पूर्वाधारको उपलब्धता	१५		• बिद्युत, सडक, पानीको सुविधा भएको=१५ • बिद्युत, सडक सुविधा भएको= १२ • सडक सुविधा भएको= १० • केही नभएको=०
२	भौगोलिक/प्राविधिक उपयुक्तता	१०		• प्रस्तावित बाली/वस्तु व्यावसायिकरुपमा गत विगत देखि नै पालन भैरहेको क्षेत्र = १० • ब्यवसायिक खेती गर्न नयाँ प्रस्ताव= ८
३	उत्पादित वस्तुको बजार योजना	१५		• आफ्नै पहलमा उत्पादित वस्तुहरूको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको)= १५ • उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने तर आफ्नै आउटलेट नभएको= १२ • सम्झौता नभएको, अनौपचारिक बजारीकरण भएको= १०

महाशाखा प्रमुख

प्रदेश सचिव

क्र.सं.	विवरण (सूचक)	भार	प्राप्ताङ्क	कैफियत
४	रोजगारी श्रृजना	२०		• ५ जना भन्दा वढी थप रोजगारी श्रृजना हुने = २० • ३ देखि ५ जना थप रोजगारी श्रृजना हुने= १५ • १ दखि २ जना थप रोजगारी श्रृजना हुने = १०
५	आर्थिक पक्ष तथा साझेदारी लगानी क्षमता	१५		• आफ्नै (व्यक्ति/संस्था) नगद ब्यालेन्स रहेको = १५ • वित्तिय संस्थाबाट ऋण लिने= १० • समुदायमा संकलन गरी जुटाउने= ८ • लगानी क्षमता नभएको = ०
६	सम्बन्धित विषयमा अध्ययन/तालिम वा बैदेशिक रोजगारीका बखत काम गरेको अनुभव	५		• अध्ययन/तालिम/बैदेशिक रोजगारीका वखत सम्बन्धित काम गरेको कागजात रहेको= ५ • विगत ३ वर्षदेखि सम्बन्धित उद्देश्य सहितको संस्था दर्ता गरी कार्य सञ्चालन गरिरहेको= ३ • नभएको=०
७	समावेशीता (दलित, जनजाती, मुक्त कमैया, अल्पसंख्यक, कमलहरी, मधेशी, पिछडा वर्ग, विपन्न, मुस्लिम, महिला आदि)	५		• समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको ७५% वा वढी भएमा = ५ • समावेशीतामा तोकिएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको ५१-७५% भएमा= ४ • समावेशीतामा तोकीएका वर्ग/समूदायको प्रतिनिधित्व कुल लाभग्राहीको २६-५०% भएमा= ३ • समावेशीतामा तोकिएका वर्ग/समुदायको प्रतिनिधित्व कुल लाभग्राहीको २५% वा कम भएमा = १ • व्यक्तिगत प्रस्तावकको हकमा समावेशीतामा तोकिएको वर्ग/समुदाय=५
८	अनुदानमा पहुँच	५		• हालसम्म अनुदान प्राप्त नगरेको = ५ • विगतमा अनुदान प्राप्त गरेको = ०
९	वातावरणीय प्रभाव व्यवस्थापन	५		• सरसफाई व्यवस्थापन गर्ने व्यवस्था रहेको=५ • सरसफाई व्यवस्थापन गर्ने प्रस्ताव गरेको=३ • सरसफाई व्यवस्थापन नगरेको र प्रस्ताव पनि गरेको=०
१०	व्यवसाय विस्तार	५		• व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यावसायिक योजनामा समावेश गरेको=५ • व्यवसाय विस्तार गरिने क्रियाकलाप व्यावसायिक योजनामा समावेश नगरेको =०
कुल		१००		

नोटः मूल्याङ्कन मापदण्डको कुल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरूलाई मात्र प्राथमिकिकरण सूचीको आधारमा छनोट गर्न सकिनेछ।

लुम्बिनी प्रदेश सरकार, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

महाशाखा प्रमुख

प्रदेश सचिव